नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## विकास सहायता समन्वय शाखा

uploaded

प.सं. २०७५/०७६ (विसस) चलानी संख्याः १२८

मितिः२०७५।६।२

विषयः निजी आवास पुनर्निर्माण सम्वन्धमा ।

श्री महानगरपालिका /उपमहानगरपालिका /नगरपालिका सवै ।
श्री गाँउपालिका सवै ।

प्रस्तुत विषयमा निजी आवास पुनर्निर्माणको लागि नक्शा र प्राविधिक उपलब्ध गराउन विलम्व भएका कारण आफै घर निर्माण गरी सकेका निजी घरधनी लाभग्राहीहरुलाई सम्वन्धित स्थानीय तहले सुरक्षित घर निर्माण गरी घरधनी बसोवास गर्दै आएको प्रमाणीकरण गरी सिफारिश गरिदिएको आधारमा अनुदानको रकम एकमुष्ट रु.३ लाख (तीन लाख) उपलब्ध गराउने भनि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, निर्देशक समितिको मिति २०७५।५।२१ को वैठकको निर्णयानुसार लेखि आएको छ । निजी आवास पुनर्निर्माण सम्वन्धमा सोही अनुसार गर्न गराउन हुन निर्णयानुसार अनुरोध छ ।साथै उक्त निर्णयको छाँया प्रति यसैसाथ संलग्न छ ।

लेखनाथ भट्टराई
शाखा अधिकृत

वोधार्थः
श्री सूचना प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (पत्र मन्त्रालयको Website मा Upload गरी दिन हुन)

गराएको नक्सा र प्राविधिकको सुपरिवेक्षण विना घर बनाएका कारण त्यस्ता घरधनिलाई अनुदानको रकम उपलब्ध गराउन सकिएको छैन ।

कोही पनि भूकम्प पीडितहरु घर पुनर्निर्माणको लागि राज्यवाट प्राप्त गर्नुपर्ने अनुदानवाट बंचित नहुन भन्ने नेपाल सरकारको नीति रहेकोले प्राधिकरणवाट नक्सा र प्राविधिक उपलब्ध गराउनु पूर्व वनिसकेका घरलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय भएको ।

<u>निर्णय:</u>

प्राधिकरणले निजी आवास पुनर्निर्माणको लागि नक्सा र प्राविधिक उपलबध गराउनु ~~पूर्व आफूखुसी~~ घर निर्माण गरि सकेका निजी घरधनी लाभग्राहीहरुलाई सम्बन्धीत स्थानीय तहले सुरक्षित घर निर्माण गरी घरधनी बसोवास गर्दै आएको प्रमाणीकरण गरी सिफारिस गरिदिएको आधारमा अनुदानको रकम एकमुष्ट रु. ३ लाख उपलब्ध गराउने ।

<u>निर्णय: ९</u>

<u>विषय : अन्यत्र वसोवास योग्य घर भएका भूकम्प पीडितहरुद्वारा लिइएको अनुदान रकम वा दुई स्थानमा घर प्रवलिकरण/पुनर्निर्माणका लागि लिइएको अनुदानको रकम फिर्ता गराउने सम्बन्धमा ।</u>

भूकम्पवाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को दफा ३ उपदफा १ मा लाभग्राही पहिचान गर्ने निर्णयको अधिकार कार्यकारी समितिमा निहित रहेको छ । सोही कार्यविधिको दफा ३ को उपदफा (ख) मा लाभग्राहीको सूचीमा समावेश हुनका लागि "भूकम्पवाट क्षतिग्रस्त भएको घर वाहेक सोही स्थान वा अन्यत्र वसोवास योग्य अर्को घर नभएको व्यक्ति वा परिवार" हुनुपर्ने र सोही कार्यविधिको दफा ५ को उपदफा ३ मा " कुनै लाभग्राहीको एकभन्दा बढी आवास भवन क्षति भएको रहेछ भने त्यस्ता लाभग्राहीले यस कार्यविधिको अधिनमा रही एउटा मात्र आवासको पुनर्निमाण गर्न अनुदान पाउनेछ । प्रवलीकरण गर्नु पर्ने निजी आवासको हकमा एउटा मात्र निजी आवास प्रवलीकरण गर्न अनुदान दिइनेछ ।" भन्ने व्यवस्था गरेको छ ।

उक्त व्यवस्थाहरुका सम्बन्धमा विभिन्न समयमा सार्वजनिक सूचना मार्फत जानकारी प्रेसित पनि नगराइएको भने होइन । तथापी केहि भूकम्प पीडितले वसोवास योग्य अर्को घर भएर पनि घर भएको सूचना लुकाई वा कार्यविधिमा भएको व्यवस्थाको जानकारी नभएको भनी अनुदानको रकम बुझेको पाईएको छ । त्यस्तै कतिपय लाभग्राहीले पुनर्निर्माण/प्रवलिकरणका लागि दोहोरो रुपमा अनुदान रकम बुझिएको भन्ने सूचना आएको छ ।

यसरी कुनै लाभग्राही घरधनीले अन्यत्र अर्को वसोवास योग्य घर भएको अवस्थामा वा दुई स्थानमा घर प्रवलिकरण/पुनर्निर्माण गर्नुपर्ने अवस्थामा उल्लेखित अनुदान वितरण कार्यविधिको प्रावधान विपरित अनुदान रकम लिइएको पाइएमा त्यस्ता घरधनीले बुझि लिएको अनुदान रकम फिर्ता गराउने सम्बन्धमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहायको निर्णय गरियो ।